# “अनौपचारिक प्रौढ शिक्षा कार्यक्रमले सहभागी महिलामा पारेको प्रभाव”

शिक्षाशास्त्र संकाय,स्नातकोत्तर तह दोस्रो वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टीकरण विषयको आंशिक आवश्यकता परिपुर्तिको लागि प्रस्तुत गरिएको शोध प्रतिवेदन


प्रस्तुतकर्ता

नारायण प्रसाद ढकाल

परिक्षा रोल.न. – २८००७८/०६७

त्रि.वि. दर्ता नं ९–२–४८०–१५–२००४

शिक्षाशास्त्र केन्द्रीय विभाग त्रिभुवन विश्वविद्यालय

पाठ्यक्रम तथा मूल्याङ्कन विभाग

कीर्तिपूर, काठमांडौ


२०६७

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर, काठमांडौमा स्नातकोत्तर तह, दोस्रो वर्ष, पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टिकरण धारण विषयका छात्र नारायण प्रसाद ढकालले । **"अनौपचारिक प्रौढ शिक्षा कार्यक्रमले सहभागी महिलामा पारेको प्रभाव"** शिर्षकमा नवलपरासी जिल्लामा तयार गर्नु भएको यस शोधप्रतिवेदन मूल्याङ्कनका लागि मूल्याङ्कन समिति समक्ष सिफारिस गर्दछु ।

मिति ....................

..............................

श्री चोलाकान्त घिमिरे

(शोध निर्देशक)

## स्वीकृत पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग अन्तर्गत पाठ्यक्रम तथा मूल्याङ्कन मूल विषय लिएका द्वीतिय वर्षका छात्र नारायण प्रसाद ढकालले *"अनौपचारिक प्रौढ शिक्षा कार्यक्रमले सहभगी महिलामा पारेको प्रभाव"* शीर्षकको शोध अध्ययन नवलपरासी जिल्लामा कार्य पूरा गरी स्वीकृकिो लागि मुख्य सिफारीस समितीमा पेश गर्नु भएकोमा यस मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

शोधपत्र मूल्याङ्कन समीति

सह प्रा. नारायण बस्नेत ...................................

(विभागीय प्रमुख)

श्री चोलाकान्त घिमिरे ...................................

(शोध निर्देशक)

प्रा. डा. प्रेमनारायण अर्याल ......................................

(बाह्रय परीक्षक)

उप प्रा. किरणराम रञ्जितकार ...................................

(बा. प.)

# कृतज्ञता

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय केन्द्रीय विभाग अन्तर्गत पाठ्यक्रम तथा मूल्याङ्कन विषय लिई अध्ययन गर्ने विद्यार्थीको लागि स्नातकोत्तर तह द्धीतिय वर्षको (ED. 598) शोधपत्रको आंशिक आवश्यकता परिपूर्ति गर्न यो अध्ययन अवसर प्रदान गरीदिएकोमा सर्वप्रथम पाठ्यक्रम तथा मूल्याङ्कन विभाग प्रति आभार प्रकट गर्दछु ।

अहिलेको विश्वको परिवेशमा शिक्षाको विकास र विस्तार अनि यसले हर क्षेत्रमा खेल्ने भूमिकाको अवस्था अध्ययनको लागि  अत्यावश्यक समय सापेक्ष, परिवर्तन र मागले गर्दा हरेक क्षेत्रमा शिक्षाको स्थितीको आवश्यकता पहिचान हुनु जरुरी छ । त्यसैले हाल नेपालको शिक्षा नीति अनुसार विभिन्न समस्याले गर्दा विभिन्न शिक्षण विधिको अभ्यासको अध्ययन गरिनु नितान्त आवश्यक देखिन्छ । त्यसैले मैले पनि यस शोधपत्रको आवश्यकता परिपूर्ति गर्ने उद्देश्य बमोजिम *नवलपरासी जिल्लामा सञ्चालित अनौपचारिक प्रौढशिक्षा कार्यक्रमले महिलामा पारेको प्रभाव* शीर्षकमा उद्देश्य बमोजिम हरेक क्षेत्रको विवेचनात्मक विश्लेषण गर्न र यो विधिमा आइपरेका विभिन्न समस्या पहिचान गर्नको लागि खोजमूलक ढंगबाट अनुसन्धानको लागि आवश्यक टेवा पुर्‍याउनेछ भन्ने विश्वास लिएको छु ।

यस प्रतिवेदन तयार गर्ने क्रममा प्रत्यक्ष निरन्तर रुपमा सहयोग पुर्‍याउनुहुने आदरणिय गुरु श्री चोलाकान्त घिमिरे प्रति सम्मान व्यक्त गर्दछु । अध्ययनका क्रममा आवश्यक सुझाव सल्लाह प्रदान गरि सहयोग गरिदिनुभएकोमा आदरणिय गुरु प्रा.डा. तिर्थराज पराजुली प्रति विषेश सम्मान व्यक्त गर्दछु । त्यस्तै अध्ययनका क्रममा विभिन्न अप्ठ्यारा कुरालाई सरलपार्न सहयोग गर्नुहुने गुरु नारायण बस्नेत , किरण राम रञ्जितकार प्रति ऋणी छु ।

अध्ययनका क्रममा तथ्याङ्क सहज रुपमा प्रदान गरिदिनुहुने रामग्राम नगरपालीकाका अधिकारीहरु प्रति कृतज्ञता ज्ञापन गर्दछु । अध्ययनका क्रममा तथ्याङ्क संकलन गर्ने क्रममा प्रत्यक्ष सहयोग गर्नुहुने मेरा मित्र डोलराज चापागाई र सावित्री कर्ण प्रति हृदय देखि धन्यवाद प्रकट गर्दछु । अन्त्यमा अनुसन्धान प्रतिवेदनलाई टङ्कण गरी साकार रुप प्रदान गर्नमा सहयोग गर्नु हेने मेरा मित्र **जय पौडेल** लाई पनि विषेश धन्यवाद व्यक्त गर्दछु ।

नारायण प्रसाद ढकाल मिति: २०६७,

फाल्गुन

## शोधसार

कुनैपनि राष्ट्रको निर्माणमा शिक्षाको भूमिका अग्रणी रहन्छ भन्ने कुरा निर्विवाद हो । त्यसैले राष्ट्रको सर्वागिंण विकास गर्नका निमीत्त शिक्षाको विकास हुनु जरुरी छ । शिक्षा सुसभ्य तथा न्यायपूर्ण समाज निर्माणको आधारस्तम्भ पनि हो । हाम्रो देश नेपालको शैक्षिक स्थितिमा सुधार गर्नका निमित्त विगत लामो समय र परिस्थिती अनुकुल शिक्षा नीतिमा व्यापक परिमार्जन तथा परिवर्तन गरिदै आएको पाइन्छ । विगत लामो समय देखि औपचारिक तथा अनौपचारिक शिक्षाका माध्यमबाट विभिन्न शैक्षिक कार्यक्रमहरु सञ्चालन गरिदै आए पनि अपेक्षित उपलब्धि भने प्राप्त हुन सकिरहेको छैन । यसै परिपेक्ष्यमा प्रस्तुत *नवलपरासी जिल्लामा सञ्चालीत "अनौपचारिक प्रौढ शिक्षा कार्यक्रमले महिलामा पारेको प्रभाव"* विषयको अध्ययनले अनौपचारिक प्रौढ शिक्षा कार्यक्रममा महिलाहरुको सहभागिता र उक्त कार्यक्रमले महिलाहरुको व्यवहारिक जीवनमा के कस्ता थप परिवर्तन ल्याउन सफल भएको छ भन्नेबारे यो अध्ययन अनुसन्धान गरिएको छ ।

नवलपरासी जिल्लामा "अनौपचारिक प्रौढ शिक्षा कार्यक्रमले महिलामा पारेको प्रभाव" शीर्षकको यस अध्ययनका उद्देश्यहरु निम्नानुसारका रहेका छन्

- नवलपरासी जिल्लाको रामग्राम नगरपालिकामा सञ्चालीत अनौपचारिक प्रौढ शिक्षा कार्यक्रममा महिलाको सहभागिताको वर्तमान स्थिति पत्ता लगाउने ।
- प्रौढशिक्षा कार्यक्रममा सहभागि महिलामा देखापरेका परिवर्तन पहिचान गर्ने ।

यो अध्ययन नवलपरासी जिल्लाको सदसमुकाम रामग्राम नगरपालीकामा सञ्चालीत चारवटा प्रौढ केन्द्रमा आधारीत रहेर सञ्चालन गरिएको छ । यो अध्ययनक दुईवटा प्रौढशिक्षा सञ्चालन भैरहेका र दुईवटा प्रौढशिक्षा सञ्चालन भैसकेका केन्द्रमा आधारित रहेर गरिएको छ । उद्देश्य प्राप्त गर्ने लक्ष्यका साथ छनौट गरिएका चारवटा समूहमा महिलाहरुको विचार धारणा बुझ्न असंरचित अन्तर्वार्ता, महिलाहरुको व्यवहार अवलोकनार्थ अवलोकन फारम, प्राप्त सूचनालाई बैधता प्रदान गर्न अन्य पक्षबाट पनि सूचना संकलन गर्ने कार्य समेत गरिएको छ ।

यस अध्ययनबाट प्राप्त सूचनाका अनुसार महिलाको प्रौढ शिक्षामा अधिक उपस्थिती रहेको पाइयो । त्यस्तै २५ देखि ३५ वर्ष उमेर समूहका महिलाहरुको प्रौढ शिक्षा कार्यक्रममा अत्याधिक सहभागिता रहेको पाइयो । त्यसैगरि अनियमिताको संख्यालाई हेर्दा महिलाहरु घरयासी कामकाजमा व्यस्त भएर प्रौढकक्षामा अनियमित हुने गरेको पाईयो । महिलाहरुलाई प्रौढशिक्षामा सहभागि हुनका लागि प्रोत्साहन गर्नेमा प्रौढशिक्षा सहयोगी कार्यकर्ता, परिवारका सदस्य मुख्य रुपमा रहेको पाइयो । सरकारले प्रौढ शिक्षा कार्यक्रम सञ्चालन गरेको क्रियाकलापप्रति

महिलाको सकारात्मक धारणा रहेको पाइन्छ । महिलाले प्रौढशिक्षा कार्यक्रम बाट सामान्य लेखपढ गर्न, स–साना हिसाब गर्न जानेको तथा सकारात्मक व्यवहारको विकास भएको पाईन्छ । प्रौढशिक्षा कार्यक्रममा प्रमुख रुपमा कृषि पेसा अंगाल्ने महिलाहरु सहभागी हुनेगरेको पाइयो । प्रौढशिक्षा कायक्रममा सहभागि भएका महिलाहरु तराईमूलका अधिक रहेको पाईयो ।

सरकारी तथा गैरसरकारी संस्थाबाट सञ्चालन गरीएका प्रौढशिक्षा कार्यक्रमलाई व्यवस्थित बनाउन कार्यमूलक बनाउनु पर्ने देखिन्छ । विभिन्न संचारका माध्यमद्धारा प्रौढशिक्षा सम्बन्धि सकारात्मक धारणाको विकास गर्नु पर्छ । महिलाहरुमा शिक्षाको विकास गर्नकालागि प्रौढशिक्षा का पाठ्यक्रम स्थानिय भाषामा तयार पार्नु पर्ने देखिन्छ । प्रौढशिक्षाका लागि आवश्यक पर्ने पाठ्यक्रम तथा पाठ्यपुस्तक, अन्य शैक्षिक सामाग्री समयमा उपलब्ध गराउनु पर्छ । महिलाकालागि उपयूक्त हुने समयमा कक्षा सञ्चालन गरेमा अपेक्षित महिला प्रौढशिक्षा कार्यक्रममा सहभागी हुने देखिन्छ ।

## बिषयसूची


| विषय शिर्षक | पेज नं |
|---|---|
| सिफारिस पत्र | i |
| स्वीकृत पत्र | ii |
| आभार | iii |
| शोधसार | iv |
| बिषयसूची | vi |
| तालिका सूची | ix |
| अनुसन्धानका क्रममा प्रयोग भएका संक्षिप्त शब्दावलीहरु | x |

**परिच्छेद – १**

परिचय

| | |
|---|---|
| १.१ अध्ययनको परिवेश | १ |
| १.२ अध्ययनको पृष्ठभूमि | १ |
| १.३ समस्याको कथन | ३ |
| १.४ अनुसन्धानात्मक प्रश्न | ४ |
| १.५ अध्ययनका उद्देश्यहरु | ५ |
| १.६ अध्ययनको औचित्य | ५ |
| १.७ अध्ययनको क्षेत्रको पृष्ठभूमि | ६ |
| १.८ अध्ययनको परिसिमा | ७ |
| १.९ प्रयोग भएका शब्दहरुको परिभाषा | ८ |

## परिच्छेद २

साहित्यको पुनरावलोकन


२.१ सैद्धान्तिक ढाचाँ ८

२.२ साहित्यको पुनरावलोकन ८

२.३ धारणात्मक ढाँचा १२


## परिच्छेद ३

अध्ययन ढाँचा


३.१ अनुसन्धान ढाँचा १३

३.२ क्षेत्र छनौट १३

३.३ जनसंख्या र नमुना छनौट १४

३.४ अध्ययनका साधनहरु १५

३.५ तथ्याङ्क र साधन को वैधता १६

३.६ तथ्याङ्क संकलन प्रक्रिया १७

३.७ तथ्याङ्क विश्लेषण प्रकृया १७

३.८ नैतिक पक्ष १७


## परिच्छेद–४

तथ्याङ्कको व्याख्या र विश्लेषण


४.१ अनौपचारिक प्रौढ शिक्षामा महिला सहभागीता १८

४.२ छनौटमा परेका सहभागी महिला तथा सहयोगी महिलाको उमेरगत स्थिति १९

४.३ महिलाका जिविकोपार्जन गर्ने पेशा सम्बन्धि विवरण २१

४.४ अनौपचारिक शिक्षा केन्द्रमा महिला अनियमित हुने कारणहरु २३
४.५ अनौपचारिक प्रौढकक्षामा सहभागी हुनकालागि महिलालाई प्रोत्साहन गर्ने माध्यमहरु २५
४.६ अनौपचारिक प्रौढ शिक्षा कार्यक्रमप्रति महिलाहरु र अन्य पक्षको धारणा २७
४.७ अनौपचारिक प्रौढ शिक्षा कार्यक्रममा सहभागीले प्राप्त गरेको शैक्षिक व्यवहार २९
४.८ अनौपचारिक शिक्षा कार्यक्रमले सहभागि महिलाको व्यवहारिक जीवनमा आएका परिवर्तन ३१
४.९ छनौटमा परेका महिलाको व्यवहार (बोलिचाली तथा रहनसहन) ३२
४.१० सहयोगी कार्यकर्ताको विवरण ३४

**परिच्छेद ५**

प्राप्ती, निष्कर्ष तथा सुझावहरु

५.१ प्राप्तीहरु ३५
५.२ निष्कर्षहरु ३७
५.३ सुझावहरु ३८
५.४ थप अध्ययनका लागि सम्भावित शिर्षकहरु ३९
सन्दर्भग्रन्थहरु ४०
अनुसुचिहरु

# तालिका सूची


तालिका नं १ अनौपचारिक प्रौढ शिक्षामा महिला सहभागिताको स्थिति

तालिका नं २ छनौटमा परेका सहभागि महिला तथा सहयोगि कार्यकर्ताको उमेरगत स्थिति

तालिका नं ३ महिलाका जिविकोपार्जन गर्ने पेशा सम्बन्धि विवरण

तालिका नं ४ महिलाका अनियमितताका कारण

तालिका नं ५ अनौपचारिक प्रौढकक्षामा सहभागि हुनकालागि महिलालाई प्रोत्साहन गर्ने माध्यमहरु

तालिका नं ६ अनौपचारिक प्रौढ शिक्षा कार्यक्रमप्रति महिलाहरु र अन्य पक्षको धारणा

तालिका नं ७ अनौपचारिक शिक्षाले महिला सिकारुमा ल्याएको परिवर्तित व्यवहार

तालिका न. ८ प्रौढ शिक्षा कार्यक्रमले महिलाको व्यवहारिक जीवनमा ल्याएको परिवर्तन

तालिका न. ९ प्रौढ कक्षामा सहभागी महिलाको बोलिचालीमा भएको परिवर्तन

## अनुसन्धानका क्रममा प्रयोग भएका संक्षिप्त शब्दावलीहरु

| | |
|---|---|
| अ.शि. | अनौपचारीक शिक्षा |
| वि.सं. | विक्रम सम्वत |
| न.पा. | नगरपालीका |
| जि.वि.स. | जिल्ला विकास समिती |
| जि.शि.का. | जिल्ला शिक्षा कार्यालय |
| गा.वि.स. | गाउँ विकास समिती |
| स.का. | सहयोगी कार्यकर्ता |
| रा.शि.प.यो. | राष्ट्रिय शिक्षा पद्दती योजना |
| UNO | United Nations Organization |
| UNESCO | United National Education Scientific and Cultural Organization |
| S LC | School Leaving Certificate |
| I. A. | Intermediate in Art |